# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।१०।२६ गते

# प्रेस विज्ञप्ति

**विषय: नियन्त्रणमा लिइएको ।**

अस्थायी ट्राफिक प्रहरी पोष्ट, खैरेनी रुपन्देहीमा कार्यरत प्रहरी जवान छबिलाल पोखेलले बिभिन्न बहाना बनाई डर त्रास देखाई टिप्पर गाडी रोकी दुःख हैरानी दिने गरेको र टिप्पर आवत जावतमा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग पटक-पटक घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिई गएको टोलीले निज छबिलाल पोखेललाई सेवाग्राहीबाट रु. ३,०००।— (तीन हजार) घुस/रिसवत लिइसकेको अवस्थामा जिल्ला रुपन्देही, देवदह नगरपालिका वडा नं. ०७ स्थित अस्थायी ट्राफिक प्रहरी पोष्टको कार्यालयबाट उक्त रकमसहित मिति २०७६।१०।२४ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला